कदारस्यू गाउपालिका
(Kedarsyun Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.n

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

**आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१ को ग्रेड वृद्धि परीक्षाको समय तालिका प्रकाशन सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/ ११**

केदारस्यूँ गाउँपालिका स्तरीय आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१ को वार्षिक परीक्षामा सहभागी भई अन्य विषयमा न्यूनतम D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने वा सैद्धान्तिक तर्फ अन्य विषयमा D वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी बढीमा दुई विषयमा अनुपस्थित (Absent) भएका परीक्षार्थीहरुका लागि दुई विषयसम्म ग्रेड वृद्धि परीक्षामा सम्मिलित हुन पाउने गरी देहाय बमोजिमको समय तालिका अनुसार ग्रेड वृद्धि परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**परीक्षा समय : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म**

| क्र. स. | मिति | विषय |
|---|---|---|
| १. | २०८१ साल चैत्र २९ गते शुक्रबार | ➢ एक मात्र परीक्षा दिने परीक्षार्थीहरुको सबै विषय<br>➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुको लागि आफूले परीक्षा दिने विषयहरु मध्ये आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०८१ को समय तालिकामा रहेका क्रमानुसारका विषयहरु मध्ये पहिलो विषय |
| २. | २०८१ साल चैत्र ३० गते शनिबार | ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुको लागि आफूले परीक्षा दिने विषयहरु मध्ये आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०८१ को समय तालिकामा रहेका क्रमानुसारका विषयहरु मध्ये पछिल्लो विषय |

**द्रष्टव्य :**

- ग्रेड वृद्धि परीक्षा दुई दिन मात्र सञ्चालन हुने छ। एक विषयको मात्र ग्रेड वृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिनमै ग्रेड वृद्धि परीक्षामा सहभागी हुनुपर्ने छ।
- दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुले लागि आफूले परीक्षा दिने विषयहरु मध्ये आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०८१ को समय तालिकामा रहेका क्रमानुसारका विषयहरु मध्ये पहिलो विषयमा पहिलो दिन र पछिल्लो विषयमा दोस्रो दिनको परीक्षामा सहभागी हुनु पर्ने छ।
- तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि पुन: अर्को व्यवस्था गरिने छैन।
- परीक्षामा मोबाइल फोन, स्मार्ट घडी, ब्लुटुथ उपकरण लगायत अन्य इलेक्ट्रोनिक्स डिभाइस लैजान निषेध गरिएको छ।
- ग्रेड वृद्धिका लागि लिईने परीक्षा **श्री गर्जेपानी माध्यमिक विद्यालय केदारस्यूँ -१ रायल, बझाङ परीक्षा केन्द्रमा** सञ्चालन हुने छ।

२०८१/१२/११
केशवराज भट्ट
शिक्षा अधिकृत

## २०८१ सालको आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षाको समय तालिका सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८१/१०/२३

केदारस्यूँ गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८१/१०/२३ गते बसेको वैठकको निर्णयानुसार २०८१ सालको आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षा देहाय बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने/गराउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## समय तालिका

परीक्षा सञ्चालन समय: विहान ११:०० वजेदेखि दिउँसो १:०० वजेसम्म

देहाय:

| क्र. स. | मिति | विषय |
|---|---|---|
| १. | २०८१/११/२८ गते बुधवार | अंग्रेजी |
| २. | २०८१/११/२९ गते विहिवार | नेपाली |
| ३. | २०८१/१२/०१ गते शुक्रवार | स्वास्थ्य, शारिरीक तथा सिर्जनात्मक कला |
| ४. | २०८१/१२/०२गते शनिवार | विज्ञान तथा प्रविधि |
| ५. | २०८१/१२/०३ गते आईतवार | हाम्रो केदारस्यूँ ( स्थानीय विषय) |
| ६. | २०८१/१२/०४ गते सोमवार | गणित |
| ७. | २०८१/१२/०५ गते मंगलवार | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |

२०८१/१०/२३

केशव राज भट्ट

शिक्षा अधिकृत

पुनश्च: यस पालिका अन्तरगतका सबै विद्यालयहरुले शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षा (सबै तह र कक्षा) यस समय तालिकासँगै सामञ्जस्यता कायम गरी उल्लेखित मितिमा विहान ८:०० वजेदेखि मात्र सञ्चालन गर्ने गराउने निर्णय भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।